लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर

स्थापना २०७९

प.सं. :२०८३/०८४

सूचना नं. : २५

सुदूरपश्चिम प्रदेश, नेपाल

सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१८ गते)

यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०७/१७ गते को निर्णय अनुसार लालझाडी आधारभूत अस्पतालका लागि तपसिल बमोजिमका कर्मचारी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट देहाय बमोजिममा सर्तहरुको अधिनमा रहि मिति २०८३/०८/०८ गते सम्म कार्यालय समय भित्र माग भए बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा आवेदन बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

क्र.सं.	विज्ञापन नं.	पद	तह/स्तर	संख्या
१.	०४/२०८३-०८४	हेल्थ असिस्टेन्ट	(पाँचौ तह)	१ (एक)
२.	०५/२०८३-०८४	स्टाफ नर्स	(पाँचौ तह)	१ (एक)

१. **आवश्यक न्युनतम् योग्यता:**

(क) हेल्थ असिस्टेन्टः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट सामान्य चिकित्सा विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरी सम्बन्धीत काउन्सिलमा दर्ता भएको ।

(ख) स्टाफ नर्सः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट नर्सिङ्ग विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरी सम्बन्धीत काउन्सिलमा दर्ता भएको ।

२. **उमेर हदः** १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

३. **दरखास्त दिने स्थानः** लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, शंकरपुर, कञ्चनपुर ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८३/०८/०८ गते । यदि अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन ।

५. **आवेदन दस्तुरः** रु.७००/- (सात सय मात्र) ।

६. **छनौटको किसिमः** लिखित र अन्तर्वार्ता । लिखित परिक्षा सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको पाठ्यक्रम बमोजिम हुनेछ ।

७. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदकले स्वयंले प्रमाणित गरेका देहाय बमोजिम कागजातहरुको प्रतिलिपिहरुः

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) तालिमको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) सम्बन्धित विषयमा अनुभव भए सोको कागजात ।

(ङ) राजश्व बुझाएको रसिद ।

(च) २ (दुई) प्रति फोटो ।

(छ) स्थानीयको हकमा स्थानीय भएको प्रमाणित गर्ने कागजात ।

८. **सेवा सुविधा तथा अन्य :** गाउँ कार्यपालिकाले तोके बमोजिम ।

हिमाल डगौरा
प्रमुख प्रशासकीय अधिकृत

नोटः

१. दरखास्त फाराम यस कार्यालयको वेब साईट https://laljhadimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

२. परिक्षा सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालय सँग निहित रहने छ । साथै परिक्षा मिति र समय पछि प्रकाशित गरिनेछ ।